# रघुगंगा गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**सार्वजनिक सुनुवाई गरिएका विषयहरु :**

क) गाउँपालिकाको कार्यालयद्वारा चालु आर्थिक वर्ष २०७७/७८ मा सञ्चालित योजना तथा कार्यक्रमहरु ।

ख) गाउँपालिका अन्तर्गत रहेका बिषयगत शाखाबाट भएका काम ।

ग) वडा कार्यालयको सेवा प्रवाह र विकास योजनाहरुको प्रगति गतिविधि ।

**कार्यक्रम स्थल-** रघुगंगा गाउँपालिका केन्द्र मौवाफाँट ।

**मिति र समय-** २०७८ कात्तिक १३ गते दिउँसो २ बजेदेखि ५ बजेसम्म ।

**कार्यक्रम समय-** अवधि- ३ घण्टा

**सहजीकरण -** राकेश शर्मा/अमित विश्वकर्मा/धिरन खत्री

**सार्वजनिक सुनुवाइमा उठेका प्रश्न, जिज्ञासा र उत्तर :**

| क.सं. | प्रश्नकर्ताको नाम | प्रश्न/गुनासो/सुझाव | उत्तर दिने व्यक्ति | जवाफको व्यहोरा |
|---|---|---|---|---|
| १. | कृष्ण गर्बुजा<br>रघुगंगा गाउँपालिका- ४ दग्नाम | पालिकाभित्र सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरुले गाउँपालिकासंग गरेको सम्झौता अनुसार सामाजिक उत्तरदायित्व अनुसार स्थानीयलाई उपलब्ध गराउनमा ध्यान दिन जनप्रतिनिधि समक्ष माग गरेका थिए । | गाउँपालिका अध्यक्ष भव बहादुर भण्डारी | गाउँपालिका भित्र निर्माणधिन रहेको टुदी पावर हाइड्रोसंग भएको सम्झौताअनुसार अजिङ्गर भीरमा सडक निर्माणमा सहकार्य, चिमखोलामा २० टन क्षमताको बेलीब्रिज पुल निर्माण भएको छ ।<br>हाइड्रोले सामाजिक उत्तरदायित्व अन्तर्गत प्रभावित क्षेत्रका जनतालाई रोजगारी क्षतिपूर्ति गराउनमा भएको सम्झौता अनुसार कार्यान्वयनमा समन्वय गर्ने ।<br>केही समयपछि प्रभावित क्षेत्रका बासीन्दालाई मुआब्जा वितरण गर्ने गरि छलफल भएको छ । |
| २ | **हरि सुवेदी** | जनताबाट निःशुल्क प्राप्त भएको जग्गामा भुगोल अनुसार डिपिआर तयार नभएको वताउदै भुगोल अनुसार संरचना निर्माणमा ध्यान दिन आग्र गरे । निर्शुल्क प्राप्त भएको जग्गाको नामसारी र फिर्ता प्रक्रिया गम्भिर रुपमा लिएर समयमै काम सम्पन्नको सुझाव दिएका थिए ।<br>जग्गा फिर्ता प्रक्रियामा ढिलाई भएको छ ? पालिका केन्द्र देखि भगवती जोड्ने सडक मर्मत नहुदा सेवाग्राहीलाई सास्ती भएको छ ? | गाउँपालिका अध्यक्ष भव बहादुर भण्डारी | निशुल्क रुपमा जनताबाट प्राप्त जग्गामा प्रशासनिक भवन वनाउनमा डिपिआर तयार भएर आएको समेत जानकारी गराए ।<br>डिपिआर अनुसार भन्दापनि भौगोलिक अबस्थालाई हेरेर डिपिआर अनुसारको आवश्यक प्रशासनिक सेवा प्रवाह गर्ने भवननहरु निर्माण गर्ने प्रतिवद्धता जनाए ।<br>निशुल्क प्राप्त जग्गाको कित्ता बाडफाँड अन्तिम चरणमा छ । गाउँपालिकालाई आएको निशुल्क जग्गामा सभाहल निर्माण अन्तिम चरण पुगेको छ । अन्य भवन बनाउन संघ, प्रदेश र गाउँपालिकाको समन्वय भएर प्रक्रिया अघि बढेको जानकारी दिए । |
| ३. | मनोज गर्वुजा<br>रघुगंगा गाउँपालिका- ४ दग्नाम | रघुगंगा नदीमा स्थानीयले निर्माणमा प्रयोग हुने नदीजन्य सामग्री निकाल्दा रघुगंगा हाइड्रोले अवरोध गरेको गुनासो राख्दै स्थानीयलाई केही परिणाममा नदीजन्य पदार्थ निकाल्न पाउने व्यवस्थामा गाउँपालिकाले समन्वय गर्नुपर्ने माग गरेका थिए । | गाउँपालिका अध्यक्ष भववहादुर भण्डारी | नदीजन्य पदार्थ स्थानीयले सार्वजनिक काममा प्रयोग गर्न पाउने छन्, निर्माणाधीन हाइड्रोपावरले अवरोध गर्न नपाउने बताउदै समन्वन्य गर्ने प्रतिवद्धता जनाए । गाउँपालिकाभित्र भएका विकास निर्माणको गतिविधि राख्नुभयो । |

| | | | | |
|---|---|---|---|---|
| ४ | हरि सुवेदी | योजना सम्पन्न नभई इन्जिनियरले पास गरेको र गाउँपालिकाले सम्पन्न नभएको योजनाको भुक्तानी दिएको गुनासो । | गाउँपालिका उपाध्यक्ष कमला शिशिजा | योजना शाखाका कर्मचारी, ईन्जिनियरको सहभागिता योजनाहरुको अनुगमन गरेर काम अनुसार भुक्तानी दिएको र काम सम्पन्न नभएको योजनाको भुक्तानी नदिएको बताईन । कुनै योजनामा अनुगमन विना काम पुर्ण रुपमा सम्पन्न नभएसम्म भुक्तानीको सिफारिस नभएको जानकारी गराईन । |
| ५ | धनप्रसाद गर्वुजा<br>रघुगंगा गाउँपालिका-४ दग्नाम | गाउँपालिकाको वडा नम्वर ४ मा विगत एकबर्षदेखि वडासचिव नहुदाँ दग्नाम र दरमिजा बासीलाई सेवाप्रवाहमा सास्ती भोग्नुपरेको जानकारी गराउदै सचिव छिटो उपलब्ध गराउन प्रमुख प्रशासकिय अधिकृतलाई आग्रह गरे । | अमृत सुवेदी<br>प्रमुख प्रशासकिय अधिकृत | वडासचिवको पदपुर्ति गर्न प्रदेश लोक सेवा आयोगदाई माग गरिएको छ । हाल वडानम्वर ८ को सचिवले सेवा दिएको हुदाँ तत्काल सचिव व्यवस्थापनमा समन्वय भएको जानकारी दिनुभयो । |
| ६. | गुन पुन, दग्नाम | गाउँपालिका संकलन भएको राजश्व कुन कुन क्षेत्रबाट आएको स्रोत खुलाउन माग गरे । | अमृत सुवेदी<br>प्रमुख प्रशासकिय अधिकृत | राजश्व संकलन भूमि कर, घरजग्गा रजिष्ट्रेसन शुल्क, घरभाडा र व्यवसाय कर, वडावाट दिईने सिफारिस शुल्क र नदीजन्य पदार्थको विक्रिवाट प्राप्त भएको जानकारी दिए । |
| ७ | कृष्ण गर्बुजा | उपभोक्ता समितिबाट जनता माविका भवन सम्पन्नपछि भुक्तानी गरिएको विलबाट बेरुजु किन आयो । बेरुजुका भुक्तानी कसले दिने प्रष्ट पार्न आग्रह गरे । | अमृत सुवेदी<br>प्रमुख प्रशासकिय अधिकृत | सार्वजनिक खरिद ऐन अनुसार उपभोक्ता समितिले पेशर गरेको विल अनुसार भुक्तानी वेरुजु देखिएको हो । सो वेरुजुको भुक्तानी उपभोक्ता समितिले गर्नु प्रावधान रहेको जानकारी गराए । |
| ८ | पृति गर्वुजा | सुरक्षा भत्ता वितरणमा किन ढिलाई भएको हो ? | सामाजिक सुरक्षा अधिकारी शिव थापा | सुरक्षा भत्ता लिने लापग्राहीले समयमै बैंकमा खाता खोल्न ढिलासुस्ती गर्नु । बैंक खाताहरु संसोधन नगर्दा वितरणमा ढिलाई भएको छ । यसलाई छिटो भएको समस्या समाधान गरि भत्ता वितरण गरिने जानकारी दिए । |


## सुझावहरु

१ सबै वडाका जनप्रतिनिधिमात्र नभएर सर्वसाधारण उपस्थित गराउनुपर्ने ।
२ गाउँपालिकाभित्र संचालित हाइड्रो निर्माण कम्पनी प्रमुखहरु पनि उपस्थित गराउनुपर्ने
३ गाउँपालिकाभित्र निर्माणधिन हाइड्रोविच भएको सामाजिक उत्तरदायित्व अन्तरगतका सम्झौता प्रभावित क्षेत्रका जनतालाई जानकारी गराउनुपर्ने ।
४ कर्मचारीले गाउँपालिकाभित्र भएका गतिविधिहरु अनलाईनबाट अपडेट गर्नुपर्ने ।
५ सेवाप्रवाहलाई समय सान्दर्भिक बनाउनुपर्ने ।
६ कृषि र पशु शाखामा किसानलाई राहत मिल्ने पशु डाक्टर र कृषि विज्ञ कर्मचारी राख्नुपर्ने ।


**प्रतिवेदन दिएको मिति : २०७८ कात्तिक १५ गते**

**दस्तखत**
**राकेश शर्मा**
**प्रतिवेदन तयार पार्ने**

Scanned with CamScanner









Scanned with CamScanner









Scanned with CamScanner